# सुनिलस्मृति गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

**नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धि**

**सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१२)

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ (६) बमोजिम सुनिलस्मृति गाउँपालिका, रोल्पा भित्रका खोलाबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री गर्ने उद्देश्यले आ.व. २०८१/०८२ का लागि देहाय अनुसार ठेक्का वन्दोबस्त गर्नु पर्ने भएकोले गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रही वोलपत्र पेश गर्न इच्छुक फर्म वा कम्पनीहरुवाट रितपुर्वक विद्युतीय वोलपत्र आह्वान गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेवसाइट www.sunilsmritimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

देहायः

| आय ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र फारम दस्तुर (रु) | बोलपत्र जमानत / धरौटी रकम | बोलपत्र जमानत मान्य अवधि | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | न्युनतम ठेक्का रकम (मू.अ.कर. सहित) |
|---|---|---|---|---|---|---|---|
| SSRM-ROL-G-NCB-05-2081-082 | नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री गर्ने कार्य | रु.३०००/- | कवोल अंकको ५% | १२० | मंसिर १२, २०८१ (27-11-2024) मध्यान्ह १२ बजे | मंसिर १२, २०८१ (27-11-2024) दिनको १ बजे | रु.२०,७१,०९९.४८/- |

........................
(गोविन्द भट्टराई )
प्रमुख प्रशासकीय अधिकृत

## १. सुनिलस्मृति गाउँपालिकाको ठेक्का नं. SSRM-ROL-G-NCB-05-2081/082 को विद्युतीय वोलपत्रमा भाग लिने बोलपत्रदाताहरुलाई सूचना शर्त तथा बन्देजहरु

१. बोलपत्र खरिद गर्न इच्छुक वोलपत्रदाता (फर्म वा कम्पनी) हरुले दर्ता प्रमाणपत्र (आ.व. २०८१/०८२ सम्म नविकरण भएको), मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र (या आ.व. २०८०/०८१ कर चुक्ता म्याद थप ) र व्यक्तिको परिचय खुल्ने कागजात (नेपाली नागरिकताको प्रमाण पत्र वा राहदानी वा सवारी चालक अनुमति पत्र) को प्रतिलिपिहरु पेश गरी सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र खरिद गरी ३१ औं दिनको दिउसो १२:०० बजे सम्म विद्युतीय वोलपत्र पेश गरि सक्नु पर्नेछ। तोकिएको समयभित्र e-gp मार्फत पेश भएका वोलपत्रहरु सोहि दिनको १:०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गाउँपालिकाका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ।

२. शर्त नं. १ मा उल्लेखित कागजातका अतिरिक्त वोलपत्रदाताले वोलपत्र पेश गर्दा वोलपत्र खरिद दस्तुर Global IME Bank को सुलिचौर स्थित शाखामा रहेको यस कार्यालयको राजस्व खाता "ग १.१ अन्तरिक राजश्व खाता सुनिलस्मृति", खाता नं ८२०४०१००००१८ मा जम्मा गरेको बैंक भौचरको स्क्यान कपि (Scanned Copy) पेश गर्नु पर्नेछ। साथै धरौटी रकमको हकमा बोलपत्रदाताले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने रकम Global IME Bank को सुलिचौर स्थित शाखामा रहेको यस गाउँपालिकाको धरौटी खाता ८२०४०१००००००४ मा जम्मा गरेको बैंक भौचरको स्क्यान कपि (Scanned Copy) वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य वैंक वा बैंक जमानत जारी गर्न योग्य वित्तीय संस्थाबाट वाट वोलपत्र नं. र नाम उल्लेख भई १२० दिनको म्याद सहित यस कार्यालयको नाममा जारी गरेको विडवण्ड पेश गर्नु पर्नेछ।

३. बोलपत्र दाताले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनु भन्दा २४ घण्टा आगाडी फिर्ता वा संशोधन गर्न सकिने छ।

४. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

५. बोलपत्रदातावाट बोलपत्र फारम भर्दा अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ। केरमेट भएको ठाँउमा सही छाप हुनु पर्ने छ।

६. बोलपत्र को मान्य अवधि ९० दिनको हुनेछ।

७. एक व्यक्ति, फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाइने छैन।

८. दर्ता भएका वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। शर्त सहितको बोलपत्र स्वीकृत गरिने छैन।

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा सुलिचौर, लुम्बिनी प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

९. योग्य बोलपत्रदाता मध्येबाट सबै भन्दा बढी कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ। तोकिएको म्याद भित्र स्वीकृत बोलपत्रदाता संझौता गर्न नआएमा बढि कबोल गर्ने मध्ये दोस्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी संझौता गरिनेछ।

१०. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र संझौतामा उल्लेखित शर्त बमोजिम गर्नु पर्नेछ।

११. ठेक्का अवधि आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्त सम्म रहनेछ। बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र स्वीकृत कबोल अंकको ५० प्रतिशत रकम यस कार्यालयको तोकिएको खातामा अग्रिम जम्मा गरेको सक्कल बैंक भौचर र सो रकममा लाग्ने १३ प्रतिशत मू.अ.कर सम्वन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ। बाँकि ५० प्रतिशत रकम र सो रकममा लाग्ने १३ प्रतिशत मू.अ.कर रकम २०८१ साल बैशाख मसान्त सम्म दाखिला गरि सक्नु पर्नेछ। सम्झौता गर्न आउदा बोलपत्र दाताले बाँकी रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको कार्यसम्पादन जमानत पत्र (Performance Bond) पेश गरेपछि स्थाई चलन पुर्जी दिईनेछ। तोकिएको समयमा रकम दाखिला नगरेमा २०८१ साल जेठ महिनाको पहिलो हप्तामा बैंकको कार्यसम्पादन जमानत पत्र (Performance Bond) जफत गरी असुलउपर गरिनेछ।

१२. धरौट रकम फुकुवा संझौतामा उल्लेख भए अनुसार हुनेछ।

१३. बोलपत्रदाता र गाउँपालिकाबीच कुनै किसिमको मतभिन्नता भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

१४. यस बोलपत्रमा उल्लेखित विषयमा हकमा यसै सूचना अनुसार र उल्लेख नभएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१५. ठेकेदारले नियमानुसार नदिजन्य पदार्थ ( ढुंगा, ढुंगा, गिट्टी, बालुवा, रोडा आदि) को दर- रु.६/- प्रति क्यु.फिटको दरमा मूल्य अभिबृद्धि कर थप गरी सङ्कलन गर्नेछ । उक्त मुल्य अभिबृद्धि कर ठेकेदारले आन्तरीक राजस्व कार्यालयमा बुझाउनुपर्ने छ । सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तह लाई प्रचलित ऐन नियमानुसार बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनुपर्ने छ । ठेक्का रकम बाट कटाउन तथा घटाउन पाईने छैन ।

१६. बन्द हडताल, चक्का जाम, लगायत अन्य मानव सिर्जित कारण बाट सिर्जना हुने अवस्थाको कारण छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन । साथै कर छुट वा मिनाहा माग गर्न पाईने छैन ।

१७. शुल्क उठाउन ठेक्काको शिर्षक उल्लेख गरि ३/३ प्रति वाला, रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्ने छ ।

१८. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा सुरक्षीत हुनेछ । बोलपत्र पेश गर्दा बोलपत्र

ऐनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, तुलिचौर, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

दाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको बोलपत्र लाई बदर मानिने छ । साथै रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१९. चलन पुर्जीमा उल्लेख भएका माल, बस्तु र दररेटको प्रतिकुल हुने गरी संकलन उत्खनन गर्न पाईने छैन ।

२०. सम्मानित अदालत, नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको निति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुने छ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारण बाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सो को क्षतिपुर्तिको दायित्व ठेकेदारले गाउँपालिका संग दावी गर्न पाउने छैन ।

२१. स्लेट ढुंगा, ढुंगा, गिट्टी, बालुवा, रोडा सन्दर्भमा प्रदेश अनुगमन समिति एवं जिल्ला स्तरीय अनुगमन तथा गाउँपालिकाको कार्यालय, सुलिचौर, रोल्पा बाट निर्देशन भए बमोजिम हुनेछ ।

२२. नेपाल सरकार बाट बन्देज लगाएको अवधिमा खोला बाट नदि जन्य पदार्थ निकाल्न पाईने छैन । निकालेमा कानुन बमोजिम कारवाही हुनेछ । साथै सडक पुलको तलमाथि ५०० मिटर, वन क्षेत्र, वस्ती क्षेत्र तथा कानुनले निषेध गरेको क्षेत्रवाट उत्खनन् गर्न पाइनेछैन । यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

२३. IEE Report ले उल्लेख गरेको क्षेत्र (लम्वाई/चौडाई र उचाई) लाई अनिवार्य रुपमा पालना गर्नुपर्नेछ तोकिएको परिमाण र IEE Report प्रतिकुल भएमा कानुन बमोजिम कारवाही गरिने छ । पालना गर्नुपर्ने कुरा IEE Report मा उल्लेख छ ।

२४. अन्य कुराहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४ र सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

२.आ.व. २०८१/०८२ मा सुनिलस्मृति गाउँपालिका क्षेत्र भित्रबाट संकलन भइ निकासी हुने नदिजन्य पदार्थ उत्खनन गर्न सकिने नदी खोलाको नाम, उत्खनन क्षेत्र, वडा नं.,उत्खनन गर्न सकिने क्षेत्रफल, औसत गहिराई तथा उत्खनन गर्न सकिने परिमाणको विवरण यस प्रकार रहेको छ ।

| नदी/खोलाको नाम | उत्खनन क्षेत्र | वडा नं. | ठेक्का अवधिमा उत्खनन गर्न सकिने परिमाण (घ.मि) |
|---|---|---|---|
| माडी खोला | हरिगाउँ नाका, लामाचौर (वारी), लामाचौर (पारी), ओभाङ नाका (वारी), ओभाङ नाका (पारी), माडीचौर (वारी), माडीचौर (पारी) | १,२ | २००० |
| लुंग्री खोला | बाँहे खोला र डाडागाँउ बिच (वारी), बाँहे खोला र डाडागाँउ बिच (पारी), सेरा खोला क, सेरा खोला ख, सेरा खोला ग, छिर्ने नाका, झिन्जा | ४ | ६१९६ |
| फगाम खोला | टोडवाङ, कालापानी क, कालापानी ख | ३,५ | ४५४ |
| जम्मा परिमाण (घ.मि). | | | ८६५० |
| जम्मा परिमाण (क्यु.फुट) | | | ३०५४७१.९ |

प्रमुख प्रशासकीय अधिकृत

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थबाङ/लिबाङ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

३.ठेक्काको विवरण र कबोल

सुनिलस्मृति गाउँपालिका भित्रबाट संकलन हुने नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा, रोडाको संकलन तथा बिक्रि बोलपत्र फारम ।

| | |
|---|---|
| १. बोलपत्र पेश गरेको कार्यालय | सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सुलिचौर, रोल्पा e-gp मार्फत बाट ।(विद्युतीय बोलपत्रमा ) |

२. कामको विवरणः

मिति २०८१/०७/१२ गतेको मिसन टुडे दैनिकमा प्रकाशित सूचनामा उल्लेख भए अनुसार आ.व. २०८१/०८२ को लागि यस कार्यालय बाट नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन २०७४, प्रचलित संघीय ऐन, लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०८१, सुनिलस्मृति गाउँपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम गाउँपालिका क्षेत्र भित्रबाट निकासी हुने नदिजन्य पदार्थ, ढुंगा, गिट्टी, बालुवा, रोडामा संकलन तथा बिक्रि शुल्क उठाउने कार्य ।

३. कबोल अंक आय ठेक्का नं. SSRM-ROL-G-NCB-05-2081/082

| कबोल रकम VAT बाहेक | | धरौटी रकम | | कैफियत |
|---|---|---|---|---|
| अंकमा | अक्षरमा | कबुल रकमको ५(पाँच) प्रतिशत धरौटी | अक्षरमा | |
| | | | | |
| न्युनतम ठेक्का अंक VAT सहित रु रु.२०,७१,०९९.४८/- (अक्षेरुपी बीस लाख एकहत्तर हजार उनान्सय रुपैया अट्चालीस पैसा मात्र ) | | | | |

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सुलिचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

४. सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सुलिचौर, रोल्पाबाट माथि उल्लेखित आय ठेक्का नं. SSRM-ROL-G-NCB-05-2081/082 नदीजन्य पदार्थ उत्खनन तथा बिक्रीको लागि प्रकाशित ठेक्का बन्दोबस्ती सूचनाको शर्त तथा बन्देजको अधिनमा रही उपरोक्त अनुसारको रकम कबोल गरी यो बोलपत्र फारम पेश गरेको छु ।

बोलपत्र पेश गर्ने फर्म वा कम्पनीको

| | | |
|---|---|---|
| फर्मको नामः | | |
| फर्मको ठेगानाः | | |
| दस्तखतः | | फर्मको छाप |
| प्रोप्राइटरः | | सम्पर्क टेलिफोन नं. |
| मितिः | | |

५. बोलपत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१. फर्म दर्ता वा नविकरण प्रमाण पत्र ।

२. कर दर्ता प्रमाण पत्र ।

३. कर चुक्ता प्रमाण पत्र ।

४. कारवाही वा कालो सुचिमा नपरेको स्वघोषणा ।

५. अख्तियारनामा (Authority) भएको ।

६. धरौटी बापतको रकम जम्मा गरेको रकम बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको Bid Bond ।

७. अन्य केही कुरा भए खुलाउने ।

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सुलिचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत